# रामधुनी नगरपालिकाको विनियोजन ऐन, २०७५

**रामधुनी नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष बाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५**

सभाबाट स्वीकृत मिति:२०७५/०३/११

**प्रस्तावना:**

रामधुनी नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम रामधुनी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्तनामर प्रारम्भ:**

(१) यस ऐनको नाम "रामधुनी नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**:

(१) आर्थिकवर्ष २०७५।०७६ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखालेगर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५७०१६६०००।०० (अक्षेरुपी सन्तावन्न करौड एक लाख छैसठि हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :**

(१) यस ऐनद्धारा सञ्चितकोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त रामधुनी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षक बाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षक बाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरु बाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत

साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षक बाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | ६५७३३ | १४०९५३ | ०० | २०६६८६ |
| २ | | वडा समिति | ५४०० | १३७६५० | ०० | १४३०५० |
| ३ | | बिषयगतशाखा | १३९४०० | ०० | ०० | १३९४०० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ०० | ०० | १०३० | १०३० |
| ५ | | लगानी (शेयर/ऋण) | ०० | ०० | ०० | ०० |
| ६ | | सामाजिक सुरक्ष | ८०००० | | | ८०००० |
| | | | २९०५३३ | २७८६०३ | १०३० | ५७०१६६ |